# सन्धिखर्क नगरपालिका

## स्थानीय राजपत्र

**सन्धिखर्क नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ९, संख्या १०, मिति २०८२/०४/०७**

सन्धिखर्क नगरपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाले बनाएको

**उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७४ (पहिलो संशोधन,२०८२)**

सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७४

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१/३१**
**पहिलो संशोधनः २०८२/०४/०७**

**प्रस्तावना**
नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकारक्षेत्र भित्रको विकास निर्माण सम्बन्धी कार्य सञ्चालनको लागि सन्धिखर्क नगरपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,
सन्धिखर्क नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित ऐन, २०७४ को दफा ४ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भः**
(१) यस कार्यविधिको नाम सन्धिखर्क नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ रहेकोछ ।
(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-
(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।
(ख) "आयोजना" भन्नाले सन्धिखर्क नगरपालिका वा सो अन्तर्गतका वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ र यसले सन्धिखर्क नगर सभाबाट स्वीकृत भएको गैर सरकारी संघ संस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजनासमेतलाई जनाउनेछ ।
(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउँछ ।
(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।
(ङ) "कार्यालय" भन्नाले सन्धिखर्क नगर कार्यापालिकाको कार्यालयलाई बुझाँउछ । सो शब्दले वडा कार्यालयसमेतलाई बुझाउनेछ ।
(च) "कार्यपालिका" भन्नाले सन्धिखर्क नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।
(छ) "ठुला मेसिनरी उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका ठुला मेसिनरी, उपकरण (बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेसिनरी तथा उपकरण सम्झनु पर्दछ ।
(ज) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।
(झ) "वडा भन्नाले" सन्धिखर्क नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।
(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) “सदस्य” भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ठ) “सम्झौता” भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मतसम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बिच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

**३. कार्यविधिको पालना गर्नुपर्नेः**

(१) सन्धिखर्क नगरपालिका भित्र कार्यान्वयन हुने आयोजनाको निर्माण, सञ्चालन, मर्मत, सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्ण रूपमा यो कार्यविधिको पालना गर्नु पर्नेछ ।

(२) कुल लागत रू. १ करोडसम्म भएको तथा स्थानीय सिप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिनेछ ।

## परिच्छेद-२
## उपभोक्त समितिको गठन र सञ्चालन

**४. उपभोक्ता समिति गठन सम्बन्धी व्यवस्थाः**

(१) उपभोक्ता समिति गठन देहायबमोजिम गर्नु पर्नेछः

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरूको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सातदेखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगावै सार्वजनिक रूपमा जानकारी गराउनु पर्नेछ ।

(ग) उपभोक्ता समिति गठनको लागि बोलाइएको भेलामा योजनाको सङ्क्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(घ) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्नेछ । समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य हुनु पर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनु पर्नेछ ।

(ङ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाइने छैन । साथै सगोलको परिवारबाट एक जनाभन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(च) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नु पर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरूको बहुमतबाट उपभोक्ता समितिको गठन गरिनेछ ।

(छ) उपभोक्ताहरूको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरू उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ ।

(ज) उपभोक्ता समितिले सम्झौताबमोजिम गर्नुपर्ने काम समिति आफैले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा संस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

*(ट) कार्यालयले आयोजना सञ्चालन एवम् कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख **अनुसूची-१** मा उल्लेख भएबमोजिम घरधुरी लेखाजोखाको ढाँचाबाट लिई व्यवस्थित गर्नु पर्नेछ ।

**५. उपभोक्ता समितिका सदस्यको योग्यताः**

(१) उपभोक्ता समितिका सदस्यको योग्यता देहायबमोजिम हुनेछः

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी बासिन्दा,

(ख) १८ वर्ष उमेर पूरा भएको,

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) सरकारी बाँकी बक्यौता वा पेस्की फछ्र्यौट गर्न बाँकी नरहेको,

*(ङ) प्रचलित कानुनले अयोग्य नठहरिएको,

(२) दफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाइने छैन ।

**६. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः**

(१) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) सम्झौताबमोजिमको कार्यसम्पादन गर्ने,

(ख) उपभोक्ताहरूलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) सम्झौताबमोजिम कार्य सुरू गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नुपर्ने भए प्राप्त गरेर मात्र सुरू गर्ने,

(घ) उपभोक्ता समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरूको कार्यविभाजन र जिम्मेवारी बाँडफाँट गर्ने,

(ङ) उपभोक्ता समितिका सदस्यहरूको क्षमता विकास गर्ने,

(च) सम्झौताबमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने देखिएमा कार्यालयलाई अनुरोध गर्ने,

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक अन्य कार्य गर्ने ।

***६.क उभोक्ता समितिका पदाधिकारीहरूको काम कर्तव्य र अधिकारः**

(१) उपभोक्ता समितिले नगर कार्यपालिकासँग भएको सम्झौताबमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका सर्तहरूको अतिरिक्त निम्न दायित्वहरू बहन गर्नु पर्नेछ ।

क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक योजना निर्माण तथा कार्यान्वयन गर्ने र गराउने ।

ख) कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी योजना बनाइ कार्य गर्ने ।

---

* पहिलो संशोधनद्वारा थप
* पहिलो संशोधनद्वारा थप
* पहिलो संशोधनद्वारा थप

ग)	आयोजनाको बिच बिचमा निर्माण कार्यको समीक्षा गर्ने,

घ)	आयोजना कार्यान्वयनका लागि अन्य पक्षहरू जस्तैः वन कार्यालय, सामुदायिक वन, स्थानीय सहकारी संस्था, युवा क्लव, नागरिक समाज साझेदार निकाय आदिसँग प्रभावकारी सम्पर्क तथा समन्वय गर्ने,

ङ)	सामाजिक सदभाव कायम राख्दै व्यवस्थित अभिलेख राख्न सहयोग, तथा असल नागरिकको आचरण पालना गर्नुपर्ने,

च)	आयोजनासँग सम्बन्धित बिल भरपाई तथा अभिलेख कार्यालयमा पेस गरी आयोजनाको सार्वजनिक लेखा परिक्षण, तथा आयोजना फरफारकको लागि सहयोग गर्ने साथै अनुसूची-६ बमोजिम आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन तयार गर्न प्राविधिक तथा अन्य कर्मचारीलाई सहयोग गर्ने,

छ)	अन्य भैपरी आउने कार्य तथा समन्वय बिस्तार गर्ने ।

***६.ख लाभग्राहीको काम कर्तव्य र अधिकारः**

(१) लाभग्राहीको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन् ।

(क)	सहयोगी संस्थालाई कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक सहयोग र सूचना उपलब्ध गराउने,

(ख)	खाद्य असुरक्षित समुदायका सदस्यहरू एवम् महिलाहरूको हित सुनिश्चित गर्न उपभोक्ता समितिका सदस्यहरू मनोनित गर्ने,

(ग)	परियोजना सञ्चालनको लागी आवस्यक पर्ने उपकरण तथा औजार जुटाउन र व्यवस्थापन गर्न र त्यसको सुरक्षा गर्नको लागी उपभोक्ता समितिलाई सहयोग गर्ने,

(घ)	पूर्वाधार निर्माण सम्बन्धी क्रियाकलापहरूमा सहभागी हुने,

(ङ)	आवश्यकता अनुसार स्वेच्छिक अनुदान उपलब्ध गराउने तथा यस्ता अनुदानको व्यवस्था गर्ने,

(च)	सामाजिक लेखापरीक्षणको बैठकमा उपस्थित हुने,

(छ)	सम्पन्न भएका पूर्वाधारहरूको सञ्चालन, मर्मत तथा सम्भार गर्ने,

(ज)	परियोजना सञ्चालन भइरहेको कार्य स्थलमा लागुपदार्थ वा मद्यपान गरेर नआउने, कोही कसैलाई व्यक्तिगत हानीनोक्सानी हुने गतिविधी गर्न नदिने यदि कोही कसैले यस्तो कार्य गरी आएको खण्डमा उपभोक्ता समितिले त्यस्तो व्यक्तिको गल्तीको प्रकृति हेरी आवश्यक कारबाहीका लागि सिफारिस गर्ने,

(झ)	लाभान्वित घरधुरीले कार्यक्रमको तर्फबाट अनुदान (ज्याला) प्राप्त गर्नको लागि, कार्यक्रमले तोकेको आयोजनामा तोकिएको काम दिन र मात्रा बराबरको काम अनिवार्य सम्पन्न गर्नुपर्नेछ (काम दिन भन्नाले सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकेको स्तरीय मापदण्ड बुझ्नुपर्दछ) ।

## परिच्छेद-३
## कार्यान्वयन तथा व्यवस्थापन

* पहिलो संशोधनद्वारा थप

**७. आयोजना कार्यान्वयनः**

♣(१) कार्यालयले आर्थिक वर्ष सुरू भएको एक महिनाभित्र उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना, परियोजना र कार्यक्रमहरू पहिचान/छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रइङ डिजाइन र लागत अनुमान (नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

♥(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय बिच ♥अनुसूची-२ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ ।

♥(३) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना/परियोजनामा उपभोक्ता समितिको तर्फबाट कम्तिमा ५ प्रतिशत नगद वा जनश्रमदान गर्नु पर्नेछ ।

**८. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरूः**

(१) उपभोक्ता समितिले कार्यालयसँग सम्झौता गर्दा तपसिलमा उल्लिखित कागजातहरू पेस गर्नुपर्नेछः

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) उपभोक्ता समितिका सदस्यहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) आयोजनाको लागत अनुमान विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका,

(च) खाता सञ्चालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता सञ्चालनको लागि आवश्यक कागजातहरू ।

**९. उपभोक्ता समितिको क्षमता विकासः**

(१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई निम्न विषयमा अभिमुखीकरण गर्नु पर्नेछ ।

(क) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार,

(ख) सम्पादन गर्नुपर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रक्रिया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन

(ङ) कार्यान्वयन र अनुगमन प्रक्रिया,

(च) सार्वजनिक परीक्षण, योजनाको फरफारक र हस्तान्तरण,

(छ) अन्य आवश्यक विषयहरू ।

---

♣ पहिलो संशोधनद्वारा संशोधित

♥पहिलो संशोधनद्वारा संशोधित

♥ पहिलो संशोधनद्वारा संशोधित

**१०. खाता सञ्चालनः**

(१) उपभोक्ता समितिको खाता कार्यालयले तोकेको बैङ्कमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्ष गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) खाता सञ्चालकहरू मध्ये कम्तीमा एक जना महिला हुनु पर्नेछ ।

**११. भुक्तानी प्रक्रियाः**

(१) *आयोजनाको भुक्तानी दिँदा उपभोक्ता समितिको नाममा रहेको बैङ्क खातामार्फत दिनु पर्नेछ । तर रु पचास हजारसम्मको रकम भुक्तानी गर्दा समितिका पदाधिकारी वा संस्थाका पदाधिकारीलाई चेक मार्फत भुक्तानी गर्न सकिनेछ ।

(२) उपभोक्ता समितिलाई सम्झौताबमोजिमको कामको प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिइनेछ ।

(३) उपभोक्ता समितिले सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरी भुक्तानीको लागि आवश्यक कागजात सहित कार्यालयमा पेस गर्नु पर्नेछ ।

(४) आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै कार्यालयबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रूपमा कार्यालयको प्रतिनिधिको रोहबरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

(६) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना अनुसूची-४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ ।

(७) आयोजनाको कुल लागत रू. ३ लाख भन्दा बढी भएका आयोजनाहरूको हकमा उपभोक्ता समितिले काम सुरू गर्नु भन्दा अगावै आयोजनाको नाम, लागत साझेदारीको अवस्था, काम सुरू र सम्पन्न गर्नुपर्ने अवधि समेत देखिने गरी तयार गरिएको अनुसूची-५ बमोजिमको ढाँचामा आयोजना सूचना पाटी आयोजना स्थलमा राख्नु पर्नेछ ।

(८) उपभोक्ता समितिलाई कार्यालयले ड्रइङ्ग, डिजाइन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग उपलब्ध गराउनेछ । आयोजना कार्यान्वयनको समयमा कुनै कारणबाट कार्यालयले प्राविधिक सेवा उपलब्ध गराउन नसकेमा सम्झौतामा उल्लेख गरी तोकिएको खर्चको सीमा भित्र रही उपभोक्ता समितिले करारमा प्राविधिक नियुक्त गर्न वा प्राविधिक सेवा लिन सक्नेछ । तर ड्रइङ्ग, डिजाइन, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन र भुक्तानी सिफारिसको कार्य कार्यालयबाट नै हुनेछ।

(९) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरूको गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित प्राविधिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ ।

(१०) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी र सम्बन्धित कर्मचारीलाई सभाको निर्णयबमोजिम वार्षिक रूपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ ।

* पहिलो संशोधनद्वारा थप

(११) तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, सम्झौता हुन नसकेमा वा सम्झौताको सर्तबमोजिम कार्यसम्पादन हुन नसकेमा कार्यालयले अन्य प्रक्रियाद्वारा काम गराउन सक्नेछ ।

*(१२) विकास आयोजना कार्यान्वयन गर्दा उक्त आयोजनासँग सम्बन्धित लाभग्राही, समितिको अभिमूखिकरण, क्षमता विकास, आयोजनाको समीक्षा, सार्वजनिक परीक्षण, स्टेशनरी, प्राविधिक अनुगमन, जाँचपास तथा फरफारक आदिको लागि कुल लागतको बढीमा ३ (तीन) प्रतिशत कन्टिन्जेन्सी रकम विनियोजन तथा वास्तविक खर्चका आधारमा नगरपालिकाले भुक्तानी गर्न सक्नेछ ।

**१२. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नुपर्नेः**

(१) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरूको अतिरिक्त निम्न विषयहरू पूर्ण रूपमा पालना गर्नु पर्नेछः

(क) **निर्माण सामग्रीको गुणस्तरः** निर्माण सामग्रीको ड्रइङ्ग र स्पेसिफिकेसनबमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) **निर्माण विधि र प्रक्रियाको गुणस्तरः** निर्माण विधि र प्रक्रिया कार्यालयसँग भएको सम्झौताबमोजिम गर्नु पर्नेछ ।

(ग) **निर्माण कार्यको दिगोपनाः** उपभोक्ता समितिबाट कार्यान्वयन भएका योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समितिले आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(घ) **गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः** उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यको लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ ।

(ङ) **लगत राख्नु पर्नेः** उपभोक्ता समितिबाट हुने काम सम्झौताबमोजिमको समय, लागत र गुणस्तर अनुरूप सम्पन्न हुन नसकेमा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारबाही गर्न सकिनेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गरिनेछ ।

**१३. अनुगमन समितिको व्यवस्थाः**

(१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन, उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न दफा ४ (१) (क) बमोजिमको भेलाबाट कम्तीमा एक जना महिला सहित ३ सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकिन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने ।

* पहिलो संशोधनद्वारा थप

*(ख.१) आयोजनासँग सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारी आयोजना स्थलमा बसी उपभोक्ता समिति तथा कामदारहरूलाई काममा सहजीकरण गरे नगरेको यकिन गर्ने,

*(ख.२) आयोजनाको कार्य अनुसार समयमा भुक्तानी भए नभएको यकिन गर्ने यदि भुक्तानी नभएको खण्डमा भुक्तानीका लागि आवश्यक सहजीकरण गर्ने,

*(ख.३) आयोजना स्थलमा उपलब्ध गराईएका हाते औजार, सुरक्षण सामाग्री तथा प्राथमिक उपचारको सहि सदुपयोग भए नभएको हेर्ने तथा सदुपयोग नभएको खण्डमा तत्काल प्रयोग गर्नका लागि निर्देशन दिने,

(ग) अन्य आवश्यक कार्य गर्ने ।

## परिच्छेद-४
## विविध

**१४. अन्य संस्थाबाट कार्य गराउन सकिनेः** यस कार्यविधिबमोजिम उपभोक्ता समितिबाट गरिने कार्य लाभग्राही समूह, सामुदायिक संस्था जस्तै सामुदायिक वन, सामुदायिकस्तरका सहकारी संस्थाहरू, टोल विकास संस्था, आमा समूह, कृषि समूह, कानुनबमोजिम गठन भएका अन्य सामुदायिक सङ्गठन जस्ता संस्थाहरूबाट स्थानीय उपभोक्ताहरूको आम भेलाबाट निर्णय भई आएमा यस्ता संस्थाहरूबाट यस कार्यविधिबमोजिम कार्य सञ्चालन गर्न गराउन सकिनेछ।

*१४.क **सुरक्षाका सामाग्री, हाते औजार तथा वाह्य निर्माण सामाग्रीको खरिदः**

(१) स्थानीय पूर्वाधार विकासका आयोजनाहरू कार्यान्वयन गर्दा लाभग्राही (कामदार)को सुरक्षालाई मध्यनजर राखी कामदारको नियमानुसार बिमा, प्राथमिक उपचार किटको व्यवस्था तथा अन्य सुरक्षाका सामाग्रीहरू जस्तै हेल्मेट, गमबुट, चश्मा, मास्क, पन्जा, सुरक्षण जाकेट आदिको व्यवस्था नगरपालिकाले गर्नेछ,

(२) उपभोक्ता समिति मार्फत सञ्चालन हुने निर्माण कार्यको प्रभावकारिता, कार्य दक्षताःक्षमता वृद्धि गर्न, तथा गुणस्तर कायम गर्नका लागि निर्माणसँग सम्बन्धित विभिन्न हाते औजार तथा उपकरणहरू नगरपालिकाले उपलब्ध गराउने छ,

(३) स्थानीय पूर्वाधार विकास आयोजनाको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम तथा दीगो व्यवस्थापन गर्नका लागि आवश्यक बाह्य निर्माण सामाग्रीहरू नगरपालिकाले समय मै उपलब्ध गराउनु पर्नेछ ।

**स्पष्टीकरणः** नगरपालिकाले खरिद गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने सुरक्षाका सामाग्री तथा हाते औजारमा कुल अनुमानित लागतको तीन (३) प्रतिशत र बाह्य निर्माण सामाग्रीका लागि अधिकतम पच्चिस (२५) प्रतिशत रकम मात्र खर्च गर्न सक्नेछ ।

**१५. सहजीकरण र सहयोग गर्नुपर्नेः** उपभोक्ता समितिले आयोजनाको सुपरिवेक्षण, अनुगमन, निरीक्षण गर्न कार्यालयबाट आएका अनुगमन समितिका पदाधिकारी वा कर्मचारीलाई आवश्यक विवरण उपलब्ध गराउने तथा आयोजनास्थल अनुगमनको लागि सहजीकरण र सहयोग गर्नु पर्नेछ ।

* पहिलो संशोधनद्वारा थप
* पहिलो संशोधनद्वारा थप
* पहिलो संशोधनद्वारा थप
* पहिलो संशोधनद्वारा थप

**१६. उपभोक्ता समितिको दायित्वः**

(१) उपभोक्ता समितिले कार्यालयसँग भएको सम्झौताबमोजिमको कार्यसम्पादन गर्दा कार्यालयले तोकिएका सर्तहरूको अतिरिक्त निम्न दायित्व बहन गर्नु पर्नेछः

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत सम्भार गर्ने सम्बन्धी आवश्यक कार्य,

(ख) आयोजना कार्यन्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी कार्य,

(ग) अन्य आयोजनाहरूसँग अन्तरसम्बन्ध कायम गर्ने कार्य,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने कार्य,

**१७. योजना तथा कार्यक्रमहरूको अनुगमनः**

(क) नगरस्तरीय योजनाहरूको अनुगमन नगर अनुगमन समितिले गर्नेछ ।

(ख) वडा स्तरीय योजनाहरूको अनुगमन वडास्तरबाट हुनेछ ।

(ग) आवश्यक ठहरेमा अनुगमन समितिलाई जुनसुकै योजना अनुगमन गर्न बाधा पर्ने छैन ।

(घ) विषयगत शाखा अनुसार सञ्चालित कार्यक्रम समेत नगरस्तरीय अनुगमन समितिले अनुगमन गर्नेछ ।

**१८. मापदण्ड बनाउन सक्नेः**

(१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मूल्याङ्कन गरी सम्बन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ ।

(२) उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाइ लागु गर्न सक्नेछ।

*१९. **बाधा अडकाउ फुकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आएमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

*२०. **कार्यविधिको संशोधन तथा परिमार्जनः**

(१) कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(२) यस कार्यविधिका विभिन्न दफासँग सम्बन्धित साविकका १ देखि ४ सम्मका अनुसूची झिकी सोको सट्टा पूनःअनुसूचीहरू १ देखि ६ सम्मका नयाँ अनुसूचीहरू राखिएका छन् ।

* **२१. बचाउः** यस अघि भए गरेका कार्यहरू यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।

*२२. **अमान्य हुनेः** यस कार्यविधिमा भएका प्रावधानहरू प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

---

* पहिलो संशोधनद्वारा थप

* पहिलो संशोधनद्वारा थप

* पहिलो संशोधनद्वारा थप

* पहिलो संशोधनद्वारा थप

## अनुसूची-१
## कार्यविधिको दफा ४ सँग सम्बन्धित

लाभग्राहीको विस्तृत विवरण

वडा नं.　　　　　　　　　टोल वा बस्तीको नामः

जम्मा घरधुरी सङ्ख्याः

| क.सं. | घरमुलीको नाम (हाल को) | लिङ्ग | यदि घरमुली महिला भएमा (एकल/विधुवा/सम्बन्ध विच्छेद खुलाउने) | जात जाती (सरकारी वर्गिकरण अनुसार) | परिवार सदस्य संख्या | | | उमेर समूह | | | | | | | | | | | | गर्भवती,सुत्केरी महिला, अपांगता भएका, गम्भिर खालका रोगग्रस्त संख्या | | | | पारिवारिक आयको श्रोत | | | | | | | | पारिवारिक आय तथा उत्पादनले बर्षभरि खाना तथा अन्य आधारभुत आवश्यकता पुरा गर्न प्रर्याप्त (छ/छैन) | | | पारिवारिक आय तथा उत्पादनले खान पुग्ने महिना | जग्गाको स्वामित्व | | जलवायू जन्य प्रकोप जोखिम को सम्भावना (छ/छैन) | | खाद्य सुरक्षाका दृष्टिकोणले घरधुरीको संकटासन्नता /विपन्नता वर्गीकरण | खाता नं. | बैङ्कको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | ० देखि २३ महिना | | २४ देखि ५९ महिना | | ५ देखि ११ वर्ष | | १२ देखि १७ वर्ष | | १८ देखि ५९ वर्ष | | ६० देखि माथि | | | | | | | | | | | | | | | | | | (रोपनीमा) | | छ भने कस्तो जोखिम हो, खुलाउने | | १. अति जोखिमपूर्ण<br>२. मध्यम् जोखिमपूर्ण<br>३. आंशिक जोखिमपुर्ण<br>४. तुलनात्मक रुपमा सुरक्षित | | |
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | गर्भवती | सुत्केरी (६ महिना सम्म) | अपांगता भएका (क देखी घ कुन वर्ग हो) | गम्भिर खाले रोग ग्रस्त | सरकारी जागिर | अन्य जागिर | व्यापार/व्यवसाय | कृषि तथा पशुपालन | जडिबुटी संकलन | वैदेशिक रोजगार (भारत) | वैदेशिक रोजगार (अन्य मुलुक) | दैनिक ज्याला/मजदुरी | अन्य | | आफ्नो जग्गा (खेत) | आफ्नो जग्गा (पाखोबारी) | | अधिया | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

सन्धिखर्क नगरपालिका

**अनुसूची-२**
**उपभोक्ता समिति र नगरपालिका बिचको**
**सम्झौता-पत्र**

## आयोजना सम्झौता फाराम

सन्धिखर्क गाउँकार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र उपभोक्ता वा आयोजना कार्यान्वयन समिति (यसपछि दोस्रो पक्ष भनिने) का बिच देहायबमोजिमको सर्त पालना गर्नेगरी यो संझौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं, दियौं ।

१. सम्झौता गर्ने पक्ष र आयोजना

क. आयोजना कार्यान्वयन समितिको तर्फबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि

१. नामः

२. पदः

३. ठेगानाः

ख. आयोजनाको विवरणः

१. नामः

२. ठेगानाः

३. उद्देश्यः

४. आयोजना स्वीकृत गर्ने निकायः

५. आयोजना सुरु मितिः

६. आयोजना सम्पन्न हुने मितिः

२. आयोजनाको लागत सम्बन्धी विवरण

क. लागत अनुमान रु.

ख. लागत बेहोर्ने स्रोतहरू

१. नगरपालिका, नगरपालिकाबाटः रु. .............

२. समुदायमा आधारित संस्थाबाटः रु. ............

३. विदेशी दातृ संघ/संस्थाहरूबाटः रु. .............

४. आयोजना कार्यान्वयन समितिबाटः रु. ............

५. गैह्र सरकारी संघ/संस्थाबाटः रु. ............

६. अन्यबाटः रु. ............

ग. निर्माण सामग्रीको विवरण

१. जम्माः

सन्धिखर्क नगरपालिका

२. सामग्रीको नाम र परिमाणः

३. स्रोत

१. नगरपालिकाबाटः

२. गैह्र सरकारी संघ/संस्थाबाटः

३. विदेशी दातृ संघ/संस्थाबाटः

४. आयोजना कार्यान्वयन समितिबाटः

५. अन्यबाटः

घ. आयोजनाबाट लाभान्वित हुने

१. घरपरिवार सङ्ख्याः

२. जनसङ्ख्याः

३. समुदायः

४. दलितः

५. अन्यः

३. उपभोक्ता वा आयोजना कार्यान्वयन समिति सम्बन्धी विवरण

क. गठन भएको मितिः

ख. पदाधिकारीको नाम र ठेगानाः

| क्र.सं. | पद | नाम, थर | ठेगाना | नागरिकता नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | | | | |
| २ | सचिव | | | | |
| ३ | कोषाध्यक्ष | | | | |
| ४ | सदस्य | | | | |
| ५ | सदस्य | | | | |
| ६ | सदस्य | | | | |
| ७ | सदस्य | | | | |

ग. यो आयोजना मिति ................ देखि सुरु गरी मिति ...................... गतेसम्ममा पुरा गर्ने गराउने छौं,

घ. आयोजना स्थलका लाभान्वित जनसङ्ख्याः

ङ. गठन गर्दा उपस्थित लाभान्वितको सङ्ख्याः

४. आयोजना सञ्चालन सम्बन्धी अनुभवः

५. आयोजनाको मर्मत सम्भारका लागि बेहोर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक)

क. मर्मत सम्भारको जिम्मा लिने समितिको नामः हालको उपभोक्ता समिति निर्माण पश्चात मर्मत सम्भार समितिको रुपमा रहनेछ ।

ख. जन-श्रमदान (श्रम शक्ति सङ्ख्या)

ग. सेवा- शुल्कबाटः रुः

घ. दस्तुर, चन्दाबाटः रु. ..........................

ङ लागत सहभागिता वा अनुदानबाटः रु. ..........................

च. ब्याज वा अन्य बचतः रु. ..........................

६. अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी विवरण

क. निर्माण समूह बनाई कामको परिमाण दिइएको,

ख. वडा कार्यालयबाट दैनिक रेर्कड व्यवस्थापन, कार्य सञ्चालन तथा रेखदेखका लागि प्राविधिक कर्मचारीको व्यवस्था भएको,

ग. समय समयमा नगरपालिका तथा वडा कार्यालयबाट प्राविधिक तथा अन्य प्रशासनिक कर्मचारी गएर अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रबन्ध भएको,

घ. प्राथमिक उपचार, कामदारको बिमा, सुरक्षण सामग्री तथा हाते औजारहरूको व्यवस्थापन भएको,

ङ. कामदारहरूलाई कामको तथा कार्यक्रमको बारेमा विस्तृतमा जानकारी तथा अभिमुखीकरण भएको,

च. निर्माण कार्यको बिचमा तथा कार्य सम्पन्न भए पश्चात कार्यको समीक्षा तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था गरिएको,

छ. आयोजनाको सूचना पाटीको व्यवस्था भएको ।

७. सम्झौताका सर्तहरू

१. आयोजनाको लागि व्यवस्था भएको रकम तथा निर्माण सामग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं,

२. आयोजना सम्पन्न भएपछि नगरपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं,

३. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी स्थानीय लाभान्वित समुदायलाई गराइ आयोजना कार्यान्वयन उपभोक्ता समितिको बैठकमा छलफल निर्णय गरी अर्को किस्ता माग गर्नेछौं,

४. योजनाको काम समयमा नगरेमा वा गुणस्तरीय ढङ्गले नगरी कुनै हानी नोक्सानी भएमा सोको पूर्ण जिम्मेवारी उपभोक्ता समितिले लिनेछ र सो हानी नोक्सानी र क्षतिपूर्ति तिर्न–बुझाउन यस समिति सहमत छ,

५. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा योजनाको प्रगति विवरण अभिलेख आदि उपभोक्ता समितिले तयार गरी राख्नेछौं,

६. आयोजनाको कुल लागत भन्दा घटी लागतमा योजना सम्पन्न भएको अबस्थामा सोही मुताबिक नै नगरपालिका वा नगरपालिकाको नगद अनुदान र लागत सहभागिता एवम् श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन–दिन सहमत छौं,

७. आयोजना सञ्चालन गर्ने उपभोक्ता समितिले योजनाको मर्मत सम्भारको पनि व्यबस्था गर्ने छ,

८. आयोजनाको सबै काम उपभोक्ता समिति तथा कामदार समूहको निर्णयानुसार गर्ने गराउने छौं,

९. आयोजनाको चौमासिक र वार्षिक भौतिक तथा वित्तीय खर्चको विवरण नगरपालिका समक्ष समयमै पठाउने छौं,

१०. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना आफैले कार्यान्वयन नगरी ठेकदार मार्फत कार्यान्वयन गरेमा कानुनबमोजिम कारबाही भोग्न र नगरपालिकाले योजना सम्झौता रद्द गरेमा वा योजनाको कार्यको भुक्तानी नदिएमा यस उपभोक्ता समितिले कुनै प्रकारको दाबी गर्ने छैन,

११. यो आयोजना सम्झौतामा तोकेको अवधि भित्र पूर्ण रुपमा सम्पन्न गर्नेछौं ।

१२. अन्य सर्तहरू

क. मापदण्ड अनुसारको बाह्य निर्माण सामग्रीहरू नगरपालिकाबाट उपलब्ध हुनेमा सहमत छौ उपलब्ध सबै सामग्रीहरू गुणस्तरीय हुनु पर्नेछ,

ख. हाते औजार तथा सुरक्षाका सामग्रीहरू नगरपालिकाबाट उपलब्ध हुने छ । यी सामग्रीहरू काम सम्पन्न भए पश्चात नगरपालिकालाई फिर्ता गरिसकेपछि मात्र अन्तिम भुक्तानी हुनेमा सहमत छौ ।

ग. योजना खातामा रहेका प्रावधानहरूलाई पूर्णरूपमा कार्यन्वयनमा ल्याई दुरुस्त राख्नेछौ।

नोटः माथि उल्लिखित सम्पूर्ण सर्त तथा प्रावधानहरू कार्यान्वयन गर्न गराउन हामी मञ्जुर छौं ।

| **नगरपालिकाको तर्फबाट** | | **उपभोक्ता समितिको तर्फबाट** |
|---|---|---|
| दस्तखतः- | | दस्तखतः- |
| नामः<br>पदः | | नामः<br>पदः |

| | | |
|---|---|---|
| मितिः | | मितिः |
| **साक्षी नगरपालिकाको तर्फबाट** | | **साक्षी उपभोक्ता समितिको तर्फबाट** |
| दस्तखतः- | | दस्तखतः- |
| नामः<br>पदः<br>मितिः | | नामः<br>पदः<br>मितिः |

सन्धिखर्क नगरपालिका

**अनुसूची-३**
**सार्वजनिक परिक्षण प्रतिवेदन ढाँचा**

**सन्धिखर्क नगरपालिका,.............**

**..........................उपभोक्ता समिति मार्फत कार्यान्वयन/सञ्चालित .............................आयोजनाको**
सार्वजनिक परीक्षण फाराम

१. आयोजनाको विवरण

क) आयोजनाको नामः (ख) ठेगानाः

ग) लागत अनुमान रु. (घ) जम्मा खर्च रकम रुः

ङ) आयोजना शुरु मितिः (च) आयोजना सम्पन्न मितिः

२. उपभोक्ता समिति सम्बन्धी विवरणः

क) उपभोक्ता समितिको नामः

ख) अध्यक्षको नामः

ग) उपभोक्ता समितिका सदस्य सङ्ख्या महिलाः पुरुषः

घ) आयोजना निर्माण कार्यमा संलग्न घरधुरी सङ्ख्या महिलाः पुरुषः

दलितः क्षेत्री÷बाह्मणः जनजातीः मधेसीः अन्यः

३. आम्दानी तथा खर्चको विवरणः

क) आम्दानी तर्फ जम्माः

| क्र.स. | आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने) रकम वा परिणम | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

ख) खर्च तर्फ जम्माः

| क्र.स. | खर्चको विवरण | दर रु. | परिमाण | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | सामाग्री के के खरिद भयो? | | | | |
| | | | | | |
| | | | | | |
| २ | ज्याला रकम कति तथा के केमा भुक्तानी भयो? | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | सामाग्री ढुवानी गर्दा केमा कति खर्च भयो? | | | | |
| | | | | | |
| | | | | | |
| ४ | व्यवस्थापन खर्च कति केमा खर्च भयो? | | | | |

(ग) मौज्दात विवरणः

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नगद विवरण | | |
| क | बैङ्क | | |
| ख | व्यक्तिको जिम्मा | | |
| २ | सामग्रीहरूको विवरण | | |
| क | | | |
| ख | | | |
| ग | | | |

घ) भुक्तानी दिन बाँकी विवरणः

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण

| क्र.स. | कामको विवरण | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५. आयोजनाले पुर्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित घरधुरी तथा जनसङ्ख्या (आयोजना सञ्चालन भएको स्थानका उपभोक्ताहरू)को विवरणः

| क.स. | जातजाति | घरधुरी | जनसङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | दलित | | | | | |
| २ | ब्राह्मण /क्षेत्री | | | | | |
| ३ | जनजाति | | | | | |
| ४ | मधेसी | | | | | |
| ५ | अन्य | | | | | |

(६) आयोजना सञ्चालन गर्दा कामको जिम्मेवारी तथा बाँडफाँट सम्बन्धी विवरण (को/कसले कस्तो/कस्तो कामको जिम्मेवारी लिएका थिए खुलाउने)

| क.स. | नाम थर | सम्पन्न गरेको कामको विवरण तथा जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

७) सार्वजनिक परिक्षण कार्यमा उपस्थितिहरूको विवरणः

| क.स. | नाम थर | दस्तखत |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

द्रष्टव्यः सार्वजनिक परिक्षण कार्यक्रममा आयोजनासँग सम्बन्धित सरोकारवालाहरूको अनिवार्य उपस्थिति भएको हुनुपर्नेछ ।

तयार गर्नेः

| ………… | ……… | ……….. |
|---|---|---|
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

प्रमाणित गर्नेः

नाम थरः
पदः
सन्धिखर्क नगरपालिका
दस्तखतः

सन्धिखर्क नगरपालिका

## अनुसूची-४
## खर्च सार्वजनिक सूचना फाराम

मितिः २०८...../...../....

१. आयोजनाको नामः

२. आयोजना स्थलः

३. विनियोजित बजेटः

४. आयोजना स्वीकृत भएको आ.व.

५. आयोजना सम्झौता भएको मितिः

६. काम सम्पन्न गर्नु पर्ने मितिः

७. काम सम्पन्न भएको मितिः

८. उ.स.को बैठकले खर्च स्वीकृत गरेको मितिः

आम्दानी र खर्चको विवरण

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| विवरण | रकम रु. | विवरण | रकम रु. |
| प्रथम किस्ता | | | |
| दोस्रो किस्ता | | | |
| तेस्रो किस्ता | | | |
| जनश्रमदान | | | |
| वस्तुगत सहायता | | | |
| लागत सहभागिता | | | |
| | | | |

माथि उल्लिखित आम्दानी तथा खर्च विवरण यथार्थ हो । यसमा सबै आम्दानी तथा खर्चहरू समावेश गरिएको छ । साथै उपभोक्ताहरूको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ । यसको एक प्रति वडा कार्यालयमा समेत पेस गरिएको छ ।

कोषाध्यक्ष सचिव अध्यक्ष

## अनुसूची-५ आयोजना सूचना पाटी

सन्धिखर्क नगरकार्यपालिकाको कार्यालय

वडा नं.....मा गठन भएको.....................आयोजना उपभोक्ता समिति/ठेक्का मार्फत सञ्चालित

आयोजना सूचना पाटी

आयोजनाको विवरणः

१. आयोजनाको नामः.............................................. २. आयोजना स्थलः ......................

३. आयोजना सुरु मितिः ...................... ४. आयोजना सम्पन्न हुने मितिः............

५. आयोजना निर्माण मार्फत रोजगारी प्राप्त गर्ने जम्मा घरधुरीः ............. (क) महिलाः ......

(ख) पुरुषः ......

(दलितः........, क्षेत्री-ब्राह्मणः.........., जनजातिः........., मुस्लिमः........, अन्यः..........)

६. आयोजनाबाट लाभान्वित जनसङ्ख्याः ................ (क) महिलाः ...... (ख) पुरुषः ......

(दलितः........, क्षेत्री-ब्राह्मणः.........., जनजातिः........., मुस्लिमः........, अन्यः..........)

बजेटको स्रोत

१. नगरपालिकाबाट बेहोर्ने रकमः रु.............

२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट बेहोर्ने रकमः रु....................

३. स्थानीय जनसहभागिताबाट बेहोर्ने रकमः रु .................

४. अन्यः रु................................................

५. जम्मा अनुमानित रकम-लागतः रु.............................

अनुमानित खर्च विवरण

| क.स. | विवरण | इकाई | दर | परिमाण | जम्मा |
|---|---|---|---|---|---|
| १ | सिमेन्ट | बोरा | | | |
| २ | रड | के.जी | | | |
| ३ | बालुवा | घन मि. | | | |
| ४ | गिट्टी | घन मि. | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ढुङ्गा | घन मि. | | | | |
| ६ | दक्ष कामदार | कार्यदिन | | | | |
| ७ | अदक्ष कामदार | कार्यदिन | | | | |
| ८ | सुरक्षा सामग्री तथा हाते | लस | | | | |
| ९ | औजार | लस | | | | |

कामको विवरण र भौतिक परिमाणः
(क) ढुङ्गाको पर्खालः......................, (ख) मेसिनरी वा सिमेन्ट पर्खालः ..............................,
(ग) ग्याविन कामः ........................, (घ) आर.सि.सी. कामः ....................................,
(ङ) माटो खन्ने-पुर्ने कामः ........................, (च) अन्य कामः .................................,

उपभोक्ता समितिको विवरणः

१. उपभोक्ता समितिको नामः ..............................., जम्मा सङ्ख्याः ........., महिलाः .........,
पुरुषः ..........

३. उपभोक्ता समितिको अध्यक्ष (नाम, थर, सम्पर्क नं.) ......................................

आयोजना सञ्चालनार्थ आर्थिक सहायता प्रदायक निकायः
आयोजना सञ्चालनार्थ प्राविधिक सहायता प्रदायक निकायः

यस आयोजनाको कार्यान्वयनका क्रममा जो कसैले कुनै पनि प्रकारको असामान्य व्यवहार गरेमा, अनैतिक अथवा गैह्रजिम्मेवारपूर्ण कार्य गरेको पाईएमा, दुरुपयोग, ठगी अथवा जालसाजी गरेको भेटिएमा तथा नगरपालिका/नगरपालिकाको स्थानीय पूर्वाधार एवम् अन्य सेवा सम्बन्धी कुनै गुनासो तथा सुझाब भएमा तिनको उचित व्यवस्थापन र सुनुवाइका लागि तल दिइएको फोन नं मा सम्पर्क गर्न सकिने छ ।

सम्पर्क नम्बर-

निशुल्क टोल फ्री नं. ......................

ईमेलः...................

अनुसूची-६

उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन पेस गरेको कार्यालय,

१. आयोजनाको विवरण

क) आयोजनाको नामः वडा नं. टोलःबस्तीः

उपभोक्ता समितिकाः अध्यक्षः सचिवः

२. आयोजनाको कुल लागतः रु.

क) प्राप्त अनुदान रकम रु................ (ख) सह-लगानी रकम रु...............

ग) जनसहभागिता रकम रु...................(घ) अन्य रकम रु.........................

३. हाल सम्मको खर्च रकम रु....................

३.१. कार्यालयबाट प्राप्त रकम रु.........................

क) ज्यालाः............... (ख) बाह्य निर्माण सामाग्रीः................

(ग) स्थानीय सामाग्रीः............. (घ) सुरक्षाका सामाग्रीः.......

(ङ) हाते औजारः............. (च) अन्यः......................

३.२. जनसहभागिताबाट बेहोरिएको खर्च रकम रु.....................

क) श्रमदान वापतको रकम रुः.................

(ख) जिन्सी सामान मूल्य बराबरको रकम रु. ..................

(ग) अन्य रकम रु.....................

४. प्राविधिक प्रतिवेदनबमोजिम मूल्याङ्कन रकम रु. ..................

५. उपभोक्ता समितिको निर्णयबमोजिम/समीक्षाबाट खर्च देखिएको रकम रु.................

६. कार्यान्वयनमा देखिएका मुख्य समस्या तथा समाधानका उपायहरू

देहायः

| क्रम सङ्ख्या | समस्या | समाधानका उपायहरू |
|---|---|---|
| क | | |
| ख | | |
| ग | | |

७. कार्यालयबाट तथा अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाबः

८. हाल माग गरेको किस्ता रकम रु...........

९. मुख्य खर्च प्रयोजनः

१०. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौं ।

तयार गर्ने सचिव कोषाध्यक्ष अध्यक्ष

प्रमाणीकरण मितिः २०८२/०४/०७

आज्ञाले,
(खिमानन्द भुसाल)
प्रमुख प्रशासकीय अधिकृत

सन्धिखर्क नगरपालिका